प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# सुदुरपश्चिम प्रदेश कार्यालय

धनगढी,कैलाली

## पूर्ण शुल्किय डिप्लोमा तथा प्रमाणपत्र तह स्वास्थ्य तर्फका कार्यक्रमहरुको नतिजा प्रकाशन सम्बन्धि अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति : २०७९।०५।२८**

यस परिषद् सुदुरपश्चिम प्रदेश अर्न्तगतका डिप्लोमा तथा प्रमाणपत्र तह पूर्ण शुल्किय स्वास्थ्य कार्यक्रम तर्फ अध्ययन गर्न मिति २०७९।०४।१२ र २०७९।०५।०८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम डिप्लोमा तथा प्रमाणपत्र तहको पूर्ण शुल्किय स्वास्थ्य कार्यक्रम तर्फको प्रवेश परीक्षाका लागि तोकिएको मिति र समय भित्र online फारम आवेदन भरी मिति २०७९।०५।१७ गते दिउँसो ३ बजे परीक्षा नियन्त्रण कार्यालयद्वारा लिईएको प्रवेश परीक्षामा सम्मिलित भएका परीक्षार्थीहरुको, डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन,छात्रवृत्ती वितरण तथां भर्ना निर्देशिका, २०७९ बमोजिम योग्यताक्रम अनुसार सम्बन्धित शिक्षण संस्थाहरुको नतिजा प्रकाशन गरिएको व्येहोरा सूचित गरिन्छ । साथै रित नपुगेका एवं कागजपत्र अपुग भएका आवेदनहरु रद्ध गरिएको व्येहोरा समेत जानकारी गराईन्छ ।

छनौट भएका मुख्य उम्मेदवारहरुले यसै सूचनालाई आधार मानि सम्बन्धित शिक्षण संस्थामा नतिजा प्रकाशन भएको मितिले १० दिन भित्र (मिति २०७९।०६।०६ गते सम्म) कार्यालय समयमा आफ्नो शैक्षिक योग्यताका सक्कलै कागजपत्र, नागरिकता/जन्मदर्ता कागज, लक्षित समुहमा छनौट भएको भए सोको कागजानहरु र online छात्रवृत्ति प्रवेश परीक्षाको आवेदन फाराम भर्दा प्राप्त भएको प्रवेशपत्र सहित सम्बन्धित शिक्षण संस्थामा भर्ना भई सक्नुपर्ने छ । सम्बन्धित शिक्षण संस्थाहरुले यसै सुचनालाई आधार मानी कक्षा १० को न्युनतम GPA / प्रतिशत सँग सम्बन्धित उम्मेदवारका शैक्षिक योग्यताका सक्कलै कागजात सँग प्रकाशित नतिजाको GPA / प्रतिशत भिडाई न्युनतम GPA / प्रतिशत मापडण्ड अनुसार न्युनतम शैक्षिक योग्यता पुगे नपुगेको समेत यकिन गरी डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०७९ बमोजिम भर्ना गर्न गराउन हुन अनुरोध छ ।

साथै सूचनामा उल्लेख भए बमोजिमका भर्ना प्रकृयाका कुराहरुमा फरक पारी भर्ना गर्ने गराउने कार्य भएमा सोको जिम्मेवारी स्वयं सम्बन्धित शिक्षण संस्थाको प्राचार्य हुने र उक्त परिक्षार्थीको रजिष्ट्रेशन नहुने व्येहोरा समेत सूचित गरिन्छ ।

नि.निर्देशक